नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २० २०८१ साल साउन २३ गते बुधबार (7 Aug. 2024 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : हरवा चरवा महिलाका लागि ... ३ पृष्ठमा : स्तनपान कक्षको व्यवस्थातर्फ ... ३ पृष्ठमा ब्रङ्गलादेशमा रिहा भएका ...

# आफ्नो करतुत लुकाउन अध्यक्षद्वारा लठैत प्रयोग गरि पत्रकारमाथि दुर्व्यहार

**दैनिक समाचारदाता**
**राजविराज, २२ साउन ।**

सप्तरीको राजगढ गाउँपालिकाका अध्यक्ष ओमप्रकाश मण्डलले आफ्नो करतुत लुकाउन लठैत प्रयोग गरि मंगलबार दुर्व्यहार गरेका छन् ।

गैरकानुनी रुपमा गरिएको गाउँसभा रद्द गरि पुनः अर्को गाउँसभाको माग गर्दै आन्दोलनरत जनप्रतिनिधि र स्थानीयले मंगलबार पालिका अध्यक्ष मण्डललाई ज्ञापनपत्र बुझाउने कार्यक्रम रहेको थियो ।

सोही समाचार संकलनमा गएका पत्रकारहरुमाथी अध्यक्ष मण्डल तथा उनका लठैतले अभद्र व्यवहार गरेका हुन् । रिपोटिङमा गएका पत्रकारहरुलाई थुन्नुका साथै लठैत लगाएर माइक





खोस्दै दुर्व्यवहार समेत गरे ।

रिपोटिङ गरिरहेका बेला कान्तिपुर टिभिका सप्तरी संवाददाता आरएन विश्वासको क्यामराको माइक अध्यक्ष मण्डलसहितका टोलीले खोसेका थिए । सोही क्रममा राजविराज दैनिकका समाचार संयोजक नवीनकुमार गुप्ता र नेपाल समाचारपत्रका संवाददाता विद्यानन्द रामको मोबाइल खोस्ने प्रयास गर्नुका साथै ढोका लगाएर अभद्र व्यवहार समेत गरिएको थियो । विश्वास पत्रकार महासंघ सप्तरीका सचिव हुन भने गुप्ता कोषाध्यक्ष र राम कार्यसमितिका सदस्य हुन् ।

पत्रकार महासंघका सचिव समेत रहेका पत्रकार विश्वासले आफ्नो कालो करतुत सार्वजनिक हुने भयले अध्यक्ष मण्डलले लठैत समेतको प्रयोग गरि आफूहरुलाई तऱ्याउन खोजेको बताए । उनले अध्यक्ष मण्डलका साथै उनीसँगै आएका जितेन्द्र मण्डल, संजिव मण्डल, रामबिलास यादव, रामअवतार मण्डल र घन्सी मण्डल लगायत ८ देखी १० जनाले आफूहरुसँग दुरर्व्यहार गरेको बताए । दुर्व्यहार गर्ने मध्येका रामबिलास यादव उक्त पालिकाको स्टोर शाखाका इन्चार्ज हुन् ।

यसैबीच नेपाल पत्रकार महासंघ सप्तरीले एक प्रेस विज्ञप्ति मार्फत सो घटनाको घोर भर्त्सना गर्दै दोषिमाथी कडा कारवाहीको माग गरेको छ । महासंघका सभापति श्रवणकुमार देवद्वारा जारि विज्ञप्तिमा सार्वजनिक ओहदामा पुगेपछि त्यसको मर्यादा राख्नु जो सुकैको पदीय दायित्व हुने भन्दै यसमा अध्यक्ष मण्डल चुकेको र तानाशाही व्यबहार देखाएको उल्लेख छ ।

अध्यक्ष जस्तो पदमा बसेका व्यक्तिले कानुनले बन्देज गरेको कार्य गरेको भन्दै पालिकामा लगाइएको सिसि टिभि फुटेज तथा अन्य प्रत्यक्षदर्शीको बयानको आधारमा अनुसन्धान अघि बढाई दोषिमाथी अविलम्ब कारवाही गर्न समेत प्रेस विज्ञप्तिमार्फत माग गरिएको छ ।




## इटाभट्टाका मुन्सीको शव खेतमा फेला

**दैनिक समाचारदाता**
**राजविराज, २२ साउन ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका १ बरही विरपुरमा एक जना खेतमा मृत अवस्थामा फेला परेका छन् ।

मंगलबार बिहान ६ बजेतिर बरही बिरपुरस्थित निरज इटाभट्टा नजिकैको चौकमा सिरहाको लहान नगरपालिका निवासी ४५ वर्षिय पवन कुमार कर्णको शव घोप्टो परेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

घटनास्थल नजिकै रहेको निरज इटाभट्टामा मुन्सीको रुपमा काम गर्दै आएका कर्णको शव पोष्टमार्टमका लागि स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याई घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी उपरिक्षक गजुसिद्धि बज्राचार्यले बताए ।

केही दिन यता सो इटाभट्टा बन्द अवस्थामा रहेको छ । मृतकको शरीरमा कुनै बाहिरी चोट भने देखिएको छैन् । सोमबारराती वर्षा भइरहेको र अत्याधिक मदिरा सेवन गरि खेतको बाटो हुँदै इटाभट्टा फर्कने क्रममा चिप्लिएर खेतमा लडेको हुन सक्ने अनुमान समेत प्रहरीको छ । यद्दपी पोष्टमार्टम रिपोर्ट आएपछि मात्र घटना बारे यकिनका साथ भन्न सकिने प्रहरीको भनाई छ ।

## वडाअध्यक्ष चौधरीको निधनले काँग्रेस स्तब्ध

**दैनिक समाचारदाता**
**राजविराज, २२ साउन ।**

नेपाली काँग्रेस सप्तरीले जिल्लाको खडक नगरपालिका वडा नं. १० का वडा सभापति देव नारायण चौधरीको असमायिक निधनले स्तब्ध बनाएको जनाएको छ ।

काँग्रेस सप्तरीका सचिव सनत मण्डलद्वारा मंगलबार जारि शोक वक्तव्यमा ७५ वर्षीय चौधरीको सोमबार राती भएको असमायिक निधनले पार्टीलाई स्तब्ध बनाएको जनाइएको छ ।

शोक वक्तव्यमा उनको निधनप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरिएको छ ।

जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौं: सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- बालविवाहको अन्त्य गरौं, आफ्ना नानीबाबुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी

## सम्पादकीय

### सडकको कार्य सम्पन्न गराउनेतर्फ पहल होस्

सप्तरी जिल्लाका विभिन्न सडकहरु विगत लामो समयदेखी निर्माणाधीन अवस्थामा रहेको छ । सडकहरुको काम सम्पन्न गराउनेतर्फ सरोकारवाला निकायको ध्यान समेत पुग्न सकेको छैन् । नगरको सम्पूर्ण मुख्य सडकहरुको निर्माण कार्यहरु अहिले पनि अधुरै रहेको छ । निर्माण कम्पनीको लापरवाही तथा स्थानीय पालिकाको हेलचक्राइका कारण ती सडकहरु दुराव्यस्थामा रहेको छ । यस्तै जिल्लाको विभिन्न स्थानहरुमा निर्माण भइरहेका सडकहरुको काम अझै सम्पन्न हुन सकेको छैन् । सडकसहित नालाको काम निर्माण सुरु भएको चार वर्ष भन्दा बढी समय भइसकेको छ । तर, अझै सम्पन्न हुन सकेको छैन् । बाटो खाल्डोखुल्डो तथा नालाहरु खुल्ला रहेकोले दुर्घटना निम्तिन सक्ने सम्भावना बढेको छ ।

राजविराज नगरपालिकाको विभिन्न वडाका अधुरो, जिर्ण तथा नयाँ सडकको निर्माण कार्यले केही दिनदेखी तिब्रता पाएपनि पुनः सुस्त भएको छ । जसमध्ये केही सडक निर्माण कार्यले तिब्रता पाएपनि अधिकांश सडकहरुको निर्माण कार्य बीचमै अडकिएको छ । ती सडकहरुको दशा पहिले भन्दा पनि झनै खराब भएको छ । मानिसहरुलाई हिडडुल गर्न समस्या भइरहेको छ भने वर्षाको बेला सडक हिलाम्मे भएको छ । यतिमात्र नभएर सवारीसाधन गुडाउन समेत समस्या परेको छ । नाला निर्माण कार्य पनि रोकिएको छ । जसले गर्दा घरको पानी बाहिर बगिरहेको छ । यसले सडक फोहर र दुर्घन्धित बनेको छ । यसरी सडक निर्माण कार्यको नाममा झनै बिग्रिएको छ ।

समयमा निर्माण कम्पनीले निर्माण कार्य सम्पन्न गर्न नसक्दा स्थानियहरुले सास्ती व्यहोर्नु परिरहेको छ । तसर्थ यस्ता सडकहरुको निर्माणप्रति सरोकारवाला निकायले गम्भिरतापूवर्क प्राथमिकतामा राखेर अटेर गर्ने निर्माण कम्पनीलाई कालो सूचीमा राखेर कारवाही गर्नेतर्फ अग्रसरता देखाउनु आवश्यक छ ।

# हरवा चरवा महिलाका लागि बजेट बिनियोजन गर्दै स्थानीय तहहरु

**दैनिक समाचारदाता**
**राजविराज, २२ साउन ।**

घरबाट निष्कन र हतपति बोल्न समेत लजाउने स्वभावकी सप्तरीको शम्भुनाथ नगरपालिका २ कनकपट्टी निवासी शोभादेवी सदा यतिबेला भन्ने दलित समुदायको अधिकारका लागि खुलेर बहस गर्न थाल्नु भएको छ ।

परिवारको गुजारा चलाउन बर्षौंदेखि स्थानीय साहुमहाजनको खेतबारीमा कृषि मजदूरी गर्दै आएकी शोभादेवी यतिबेला मजदूरीमा भोगिरहेको समस्या र आफ्ना समुदायको हकअधिकारको बारेमा खुलेर बहस गर्न थाल्नु भएको हो ।

"मधेसी समाज, घरको बुहार्तन र गरीबिको कारण चाहेर पनि पहिला स्वतन्त्र रुपमा हिडडुल गर्न र बोल्न सक्दिन्थ्ये" शोभादेवीले भन्नुभयो,"तर जब म आफनै गाउँमा गठित हरवा चरवा अधिकार मञ्चको सदस्य बन्ने, समुह मार्फत भईरहेको छलफल र बैठकमा सहभागी हुन थालेपछि बोल्ने साहास आएको हो ।" समुहमा दलित समुदाय र त्यसभित्र पनि हरवा चरवाको सबाल र अधिकारबारे निरन्तर बहस र छलफल भईरहेकाले आफुपनि सामाजिक विकासको क्षेत्रमा परिचालित भएको शोभादेवी भनाई छ ।

"सुरुमा द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीद्वारा सञ्चालित रिफलेक्ट कक्षामा सहभागी भए" उहाँले भन्नुभयो,"त्यहाँ अक्षर चिन्न र महिला अधिकार, हरवा चरवा र दलित अधिकारका बारेमा जानकारी भएपछि साहस बढ्यो ।"

"मजदूरीका क्रममा भोगिरहेको पीडा, साहु महाजनबाट पाएको दु:ख सम्झेर आँखा रसायो, त्यही विगतले मलाई हरवा चरवा अधिकारका लागि लड्ने प्रेरणा मिल्यो ।" त्यही पुरानो शोषण, दुःख र पीडाले गर्दा नै आफुलाई प्रेरणा मिलेको उहाँले सुनाउनुभयो ।

बिरामी पतिको उपचारका लागि स्थानीय साहुँसँग लिएको ऋण तिर्न नसकेर मजदूरी गर्न बाध्य सप्तरीकै शम्भुनाथ नगरपालिका ३ की सुमित्रादेवी सदा पनि यतिबेला हरवा चरवाहरुले भोग्दै आएको दुख पीडा बारे निर्धक्क भएर बोल्न थाल्नु भएको छ ।

"सुरु सुरुमा घरको सासु, जेठाजु लगायतले तालिम, भेलामा जान रोक्नुहुन्थ्या, तर विस्तारै घरमा सबैलाई सम्झाउँदै बुझाउँदै गएपछि कुरा बुझ्न थालेको र अहिले गाउँ टोलदेखि बाहिरी जिल्लाहरु जानु पर्दा समेत कसैले रोक्दैनन्", सुमित्रादेवीले भन्नुभयो," अहिले त गाउँदेखि शहर र स्थानीय तहमा समेत आफ्नो हक र अधिकारका बारेमा ढुक्क भएर बोल्नु सक्छु ।"

समान्य लेखपढ गर्न समेत नजानेकी सुमित्रादेवी अब साहुँ महजानमा मजदूरी गर्न छाडेर गाउँमा किराना पसल खोलेर व्यवसायी गर्ने सोचनमा रहेको बताउनुभयो ।

"ज्याला मजदुरीमा दिनभरी काम गर्दा मात्र ५ किलो धान मात्र ज्याला पाउँछौं", सुमित्रादेवी भन्नुभयो," त्यसबाट परिरवार चलाउन समेत समस्या हुन्छ, त्यसैले अब गाउँमै व्यवसायी गर्न चाहेकी छु ।" आफुलाई व्यवसायी गर्न गाउँकै हरवा चरवा अधिकार मञ्चका सदस्यहरुले सहयोगन गर्न आश्वासन दिएको उहाँको कथन छ ।

आर्थिक बिपन्नता र चेतनाको अभावमा साहु महाजनमा श्रम गर्दै आएकी शोभादेवी र सुमित्रादेवीको जीवनमा आएको यो परिवर्तन कुनै चमात्कारिक शक्तिबाट नभई श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको सशक्तिकरण कार्यक्रमबाट आएको हो ।

द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको सामाजिक परिचालन तथा शिक्षाको माध्यमबाट हरवा चरवाको सशक्तिकरण कार्यक्रम अन्तर्गत गाउँकै महिलाहरुको सक्रियामा गठन भएको हरवा चरवा बचत समुहमा आबद्ध भएकी शोभादेवी र सुमित्रादेवी त्यही समुह सक्रिय छन् ।

दलित र बिपन्नता भएकै कारण हरवा चरवाको रुपमा जीवन बिताउँदै आएका ती दलित समुदायका महिलाहरुमा आएको परिवर्तनसँगै स्थानीय जनप्रतिनिधिहरुले हरवा चरवाको सशक्तिकरणका लागि बजेट समेत बिनियोजन बाध्य भएका छन् ।

चालु आर्थिक बर्ष ०७८/०७९ मा सप्तरीको शम्भुनाथ नगरपालिकाका बिभिन्न वडाले वडास्तरीय बजेटमा हरवा चरवाको सशक्तिकरणका लागि छुट्टै बजेट बिनियोजन गरेका छन् ।

शम्भुनाथ नगरपालिका वडा नम्बर ३, वडा नम्बर ५, वडा नम्बर ७, वडा नम्बर ८ र वडा नम्बर ९ ले हरवा चरवा सशक्तिकरण बिशेष कार्यक्रम तथा अतिरिक्त कक्षा सञ्चालनका लागि भन्दै रु.१/१ लाख बजेट बिनियोजन गरेको नगरपालिकाले जनाएको छ ।

यस्तै हरवा चरवा परिवारको सशक्तिकरणका लागि शम्भुनाथ नगरपालिका वडा नम्बर ४ ले रु. ५६ हजार ७४६ र र वडा नम्बर ११ ले रु. ८८ हजार ७२६ बजेट छुट्टयाएको नगरपालिकाका सुचना अधिकारी प्रधुम्न पोखरेलले बताउनुभयो ।

"शुरु शुरुमा हरवा चरवाको को हुन, कति संख्यामा छन् भन्ने नै थाहा थिएन्", सुचना अधिकारी पोखरेलले भन्नुभयो," गाउँ गाउँमा हरवा चरवा सम्बन्धि कार्यक्रमहरु चल्न थालेपछि बिस्तारै हामीलाई जानकारी हुन थालेको छ ।" त्यही भएर वडाअध्यक्षहरुले आफ्नो वडास्तरीय बजेटमा हरवा चरवा लक्षित कार्यक्रम शिर्षकमा बजेट छुट्टयाउन थालेको उहाँको कथन छ ।

पछिल्लो समय दलित महिलाहरुमा आएको परिवर्तन लोभ लाग्दो रहेको बताउँदै शम्भुनाथ नगरपालिका वडा नम्बर २ का वडाअध्यक्ष दुर्गानन्द भगतले यहाँको दलित बस्तीका महिलामा आएको चेतनाबाट अन्य ठाउँका महिलाहरुले पाठ सिकेर अघि बढ्े छिटै सामाजमा परिवर्तन आउने विश्वास व्यक्त गर्नुभयो ।

# नेपाल स्काउटको नयाँ ऐन बनाउन प्रयास गर्ने मन्त्री चौधरीको प्रतिबद्धता

काठमाडौं, २२ साउन (रासस) ।

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले नेपाल स्काउटको नयाँ ऐन बनाउन प्रयास गर्ने बताउनुभएको छ ।

मंगलबार यहाँ आयोजित कार्यक्रममा मन्त्री चौधरीले भन्नुभयो, "स्काउट २०५० सालमा बनेको ऐनअनुसार सञ्चालन भएको छ । संस्थालाई आवश्यक पर्ने अन्य ऐन मेरै कार्यकालमा पारित गर्नेगरी प्रयास गर्छु"। उहाँले देश सङ्घीय संरचनामा गइसकेकाले अब स्काउटलाई पनि सोहीअनुसार रुपान्तरण गर्नुपर्नेमा जोड दिनुभयो ।

मन्त्री चौधरीले सात सय ५३ वटै पालिकामा स्काउट स्थापना गर्न सकियो भने बालबालिका र युवामा चरित्र निर्माणमा मद्दत मिल्ने बताउनुभयो । युवा तथा बालकालिकामा सामाजिक संस्कार र नैतिकता खस्किँदै गएकामा उहाँले चिन्ता व्यक्त गर्नुभयो । स्काउटले प्राकृतिक विपत्तिका बेला गरेको सेवाको उहाँले प्रशंसा गर्नुभयो ।



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# स्तनपान कक्षको व्यवस्थातर्फ अझै उदासीनता

**सिर्जना बस्नेत**

काठमाडौँ, २२ साउन (रासस)।

प्रत्येक वर्ष १ अगस्तदेखि ७ अगस्तसम्म मनाइने ‘विश्व स्तनपान सप्ताह’ नेपालमा पनि विभिन्न सरकारी, गैरसरकारी निकायहरूले मनाइरहेका छन्। विश्वका एक सय २० भन्दा बढी देशहरूमा स्तनपान सप्ताहलाई उत्सवका रूपमा मनाउने गरिन्छ। नेपालमा पनि यो वर्ष साउन १७ देखि साउन २२ (१ अगस्त देखि ७ अगस्त २०२४) सम्म विश्व स्तनपान सप्ताह मनाइँदैछ।

वर्ल्ड अलायन्स फर ब्रेस्टफिडिङ एक्सन, विश्व स्वास्थ्य सङ्गठन र युनिसेफले एकसाथ जीवनको पहिलो छ महिनाका लागि पूर्ण स्तनपानलाई बढावा दिने लक्ष्य लिएर यो दिवस साताव्यापी रूपमा मनाउने गरिएको छ। यो उत्सवको उद्देश्य नयाँ आमाबुबाहरूबीच जागरुकता पैदा गर्न र संसारभरमा शिशु स्वास्थ्यमा सुधार गर्नु हो। यस वर्षको विश्व स्तनपान सप्ताहको नारा ‘स्तनपानमा समानताः सबैको सहयोग र सहभागिता’ रहेबाट पनि स्तनपानमा सबैको सहयोग र सहभागिता आवश्यकतालाई प्रस्ट हुन्छ।

सरकारी कार्यालयको मुख्य प्रवेशद्वारमा नै ‘विश्व स्तनपान सप्ताह’ लेखिएको ब्यानर झुन्डिएका छन्। त्यही सरकारी कार्यालयमा सेवा लिन पुगेकी महिलाले काखमा बोकेको दूधे बालकलाई दूध चुसाउन कति सहज वातावरणको व्यवस्थापन गरेका छौँ भन्ने चाहिँ कहिल्यै बहसको विषय बनेको पाइँदैन। म स्वयम् स्तनपान गराउने आमा भएका कारण पनि आमाहरूले आफ्ना बच्चाहरूलाई स्तनपान गराउन भोग्नु परेको सास्तीहरूको नमीठो घटनाहरूको स्वाद चाखेको छु। म जस्ता धेरै आमाहरूले आफ्ना सन्तानलाई चाहेर पनि स्तनपान गराउन पाइरहेका छैनन्।

केही दिनअघि काखमा नौमहिने छोरी च्यापेर राष्ट्रिय वाणिज्य बैङ्कको काउन्टरमा लाइनमा उभिएकी एक महिलाको दुवै स्तनबाट दूध बगेर कुर्ता भिजेको प्रस्ट देखिएको थियो। लाइनमा महिलाहरूको भन्दा पुरुषहरूको सङ्ख्या धेरै थियो। उनले बच्चालाई दूध चुसाउन अप्ठ्यारो महसुस गरिरहेकी थिइन्। नजिकै कतै पनि बच्चालाई दूध चुसाउन मिल्ने गोप्य कोठाको व्यवस्था थिएन।

एकातिर आमाको दूध गानिएर कुर्ता भिजेको थियो भने अर्कोतिर दूधे बालकको घाँटी सुकेर रोइरहेको थियो। लाइनमा उभिएकी महिलाको बच्चा हेरचाह गर्न साथी आएकी अर्की बहिनीले बट्टाको दूध बच्चालाई खुवाउँदै गर्दा आफूले ओढेको सलको फेरले उनले भिजेका स्तन छोपेर उनी लाइनबाटै काखे बच्चाले बोतलमा दूध पिएको हेरिरहिन्।

यस्तै, अर्को घटनाले पनि मलाई निकै असजिलो बनायो। अठार महिने छोरालाई साथमा लिएर नगरपालिकामा जग्गाको तिरो तिर्न आएकी एक महिलालाई उसको छोराले कुर्ताको फेर तानेर लाइनबाट बाहिर निस्कन कर गर्दै थियो। १८ महिने बालकलाई सायद आमाले सिकाइएको थियो होला मान्छेहरूको अगाडि दूध खान हुँदैन भनेर। बारम्बार छोरालाई सम्झाउँदा सम्झाउँदै पनि बालक मानिरहेको थिएन।

बालकको जिद्दी र रुवाइको अगाडि ती महिलाको केही लागेन। उनी लाइनबाट बाहिर निस्किएर धेरैबेर यताउता आँखा डुलाइन। जति आँखा डुलाए पनि उनले बालकलाई दूध चुसाउने गोप्य कोठा वा ठाउँ फेला पार्न सकिनन्। गर्मीको समय अनि बालकको रुवाइले झर्किएर उनले गेटमा टाँगिएको ‘विश्व स्तनपान सप्ताह’ ब्यानरको पछाडिपट्टि छेकिएर बालकलाई दूध चुसाइन्।

यस्ता प्रतिनिधि घटनाहरू दैनिक आँखाकै अगाडि ठोक्किन आउने पात्रहरूका बाध्यताहरू हुन्। सरकारी कार्यालय, सार्वजनिक जमघट हुने स्थान, पार्क, विद्यालय, होटल रेस्टुरेन्ट तथा पार्टी प्यालेसहरूमा समेत स्तनपान कक्षको छुट्टै व्यवस्था नहुँदा दूधे बालकमा आमाहरू बच्चालाई दूध चुसाउन असहज महसुस गर्दछन्। ग्राहकको रुचि र मागलाई ध्यानमा राखेर होटलहरूमा धुम्रपान कक्षको व्यवस्था गर्न ध्यान पुग्ने होटल सञ्चालकहरूले पनि बच्चाका आमा पनि ग्राहक हुन्छन् अनि बच्चालाई दूध चुसाउने गोप्य कोठाको व्यवस्थामा पनि गर्नु पर्दछन् भन्नेमा ध्यान पुगेको छैन।

कानुनमा स्तनपान नवजात शिशुका लागि नैसर्गिक अधिकारका रूपमा परिभाषित गरिएको छ। सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को परिच्छेद ३ को दफा १३ मा उल्लेख गरिएको प्रसूति बिदाको अधिकारभित्र नवजात शिशुलाई स्तनपान प्रवर्द्धन र सहजीकरणका लागि ९८ दिन पूर्ण तलबी बिदाको व्यवस्था गरेको छभने आवश्यक परेमा चिकित्सकको रायसल्लाहअनुसार बढीमा एक वर्षसम्म बेतलबी बिदा पाउने अधिकारको व्यवस्था गरेको छ। ऐनमा सबै प्रकारका सरकारी, गैरसरकारी वा निजी सङ्घ संस्थाले आफ्नो कार्यालयमा कार्यरत महिलालाई शिशु जन्मेको दुई वर्षसम्म कार्यालय समयमा आमाको दूध खुवाउनका लागि आवश्यक व्यवस्था मिलाउपर्ने उल्लेख छ।

त्यस्तै, हरेक कार्यालय, स्कुल, बसपार्क र एयरपोर्ट जस्ता स्थानमा छुट्टै स्तनपान कक्ष हुनुपर्ने व्यवस्था गरेको छ। किशोर अवस्थामा छातीमा स्तनको आकार आएदेखि नै सल वा पछ्यौराले छ्यापेर हिँड्न सिकेका हुन्छौं। विवाहपछि बच्चालाई खुला रूपमा धेरै जनाको अगाडि नै स्तनपान गराउन लाज र सङ्कोचले गर्दा असहज मान्नु स्वाभाविक नै हो। स्तन भनेको महिलाको गोप्य अङ्ग नै मानिएको छ। गोप्य अङ्ग सार्वजनिक ठाउमा देखाउनु लाजको विषय हो। गर्भवतीले गर्भधारण गरेदेखि नै बच्चालाई स्तनपान गराउने सपना देख्न थालिसकेकी हुन्छिन्। स्तनपान नवजात शिशुको लागि अमृत जत्तिकै हुन्छ। बच्चा जन्मिएको एक घण्टाभित्र नै प्रारम्भिक स्तनपान गराइन्छ। प्रारम्भिक स्तनपानमा सुत्केरी भएको एक घण्टाभित्रको बाक्लो बिगौती दूध खुवाउँदा बच्चाको शरीरमा रोगसँग लड्न सक्ने क्षमताको विकास हुन ठूलो योगदान पुग्ने गरेको विभिन्न अध्ययनले देखाएको छ।

त्यसैगरी, बच्चा जन्मेदेखि छ महिनासम्म आमाको दूध मात्र खुवाउनु पूर्ण स्तनपानको सूचकका रूपमा लिन सकिन्छ। छ महिनासम्मका शिशुलाई आवश्यक पर्ने सबै पौष्टिक तत्व आमाको दूधमा पर्याप्त मात्रामा पाइने भएकाले जन्मेको आधा घण्टाभित्र स्तनपान सुरु गरिसक्नुपर्ने र २४ घण्टामा आठदेखि १० पटकसम्म आमाको दूध खुवाउनुपर्ने चिकित्सकहरू बताउँछन्। शिशुलाई दुई वर्षसम्म निरन्तर आमाको दूध खुवाए उनीहरूको बौद्धिक र शारीरिक विकास चाँडो हुने र स्वस्थ रहन्छन्।

विशेषगरी कामकाजी महिलाहरूले बच्चालाई पूर्ण स्तनपान गराउन नसक्नु अहिलेको मुख्य समस्या हुन पुगेको छ। सुत्केरी बिदा सकिएर कार्यालय फर्किंदा उनको अगाडि कामको थुप्रो थुपारिएको हुन्छ। दिनको एक घण्टा बच्चालाई भेट्ने समय निकाल्न महिला कर्मचारीका लागि निकै मुस्किलको विषय बनेको छ। कार्यालयमा पुरुष कर्मचारीको सङ्ख्याभन्दा महिला कर्मचारीको सङ्ख्या धेरै भए पनि महिनावारी हुँदा, गर्भवती हुँदा वा सुत्केरी भइसकेर बच्चालाई दूध चुसाउने छुट्टै कोठाको व्यवस्था नहुँदा कामकाजी महिलाले बच्चालाई पूर्ण स्तनपान गराउन सकेका छैनन्।

सुत्केरी बिदा सकेर कार्यालय फर्किएदेखि नै बट्टाको तयारी दूध खुवाएर बच्चाको पेट भर्नुपर्ने कामकाजी महिलाको बाध्यता रहेको छ। सुत्केरी बिदा बस्दा घरमा सहजरूपमा स्तनपान गराए पनि कामकाजी महिलाले कार्यालयमा स्तनपान कक्षा वा बच्चा स्याहार कोठाको छुट्टै व्यवस्था भएको पाइँदैन। दूध चुसाउने आमाहरू बच्चा लिएर यात्रामा होस् वा अन्य कुनै कामको सिलसिलामा घर बाहिर निस्कन पर्‍यो भने स्तनपान गराउने गोप्य कोठाको अभावमा बच्चालाई बोतलको दूध चुसाउन बाध्य हुन्छिन्।

कार्यालयमा स्तपान कक्ष तथा शिशु स्वाहार कक्षको व्यवस्था हुने भए हेरालु राखेर भए पनि कामकाजी महिलाले समयसमयमा बच्चालाई स्तपान गराउन सक्नेछन्। सार्वजनिक स्थान, सरकारी कार्यालय, विद्यालय, होटल तथा रेस्टुरेन्टहरूमा पनि स्तनपान कक्षको व्यवस्था हुने हो भने दूधे बालककी आमाले निर्धक्क दूध चुसाउन सक्ने थिइन्। अहिलेका नाबालक शिशुहरूले आमाको पूर्ण स्तनपान गर्न नपाए शारीरिक तथा मानसिक रोगको सिकार हुन सक्ने जोखिम हुन्छ।

विश्व स्वास्थ्य सङ्गठनले आमाको दूधको विकल्पमा प्रयोग हुने वस्तुहरूका कारण आमाहरूले बच्चालाई दूध खुवाउन नखोज्ने गरेको भन्दै त्यस्ता वस्तुको नियन्त्रणमा जोड दिएको छ। पछिल्लो समय शारीरिक सौन्दर्य बिग्रने डरले र बच्चाको चाँडो विकास हुने भ्रमले कतिपय महिलाहरूले शिशुलाई स्तनपान नगराई वैकल्पिक पदार्थ खुवाउँदा बालमृत्युको जोखिम बढ्न गएको चिकित्सकहरूको भनाइ छ। यस्ता गलत विचारहरूको अन्त्यका लागि पनि दिवस, सप्ताहहरूको सान्दर्भिकता देखाउँछ। प्रत्येक वर्ष उत्सवका रूपमा विश्व स्तनपान सप्ताह’ मनाउनुको मर्म त्यति बेला पूरा हुनेछ, जतिबेला एउटी आमाले बिना सङ्कोच आफ्ना सन्तानहरूलाई सार्वजनिक ठाउँहरूमा छुट्टै कोठामा बसेर स्तनपान गराउन सक्नेछिन्। सरकारी वा निजी कार्यालयको ढोकामा टाँगिएको ब्यानरले मात्रै कुनै अर्थ राख्दैन। (लेखक बालस्वास्थ्य र अधिकारका क्षेत्रमा क्रियाशील हुनुहुन्छ)

# ‘मिडिया काउन्सिल’लाई ‘आमसञ्चार परिषद्’ मा परिवर्तन गर्ने सहमति

काठमाडौँ, २२ साउन (रासस)।

सञ्चार, तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मिडिया काउन्सिल विधेयकको नाम आमसञ्चार परिषद्मा परिवर्तन गर्न आफू सकारात्मक रहेको बताउनुभएको छ। साथै उहाँले नाम परिवर्तनमा आफ्नो विमति नरहेको स्पष्ट गर्नुभएको छ।

राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिको मंगलबारको बैठकमा ‘मिडिया काउन्सिल विधेयक’लाई ‘आमसञ्चार परिषद्’ का रूपमा नामकरण गर्न उहाँले समर्थन जनाउनुभएको हो। उहाँले भन्नुभयो,“मिडिया काउन्सिलको सट्टा आमसञ्चार परिषद् राख्नु उपयुक्त हुन्छ।”

सञ्चार, तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालको समेत उपस्थिति रहेको बैठकका सहभागीले विधेयकको नाम नेपाली हुनुपर्ने माग गर्नुभएको थियो।

सचिव अर्यालले ‘मिडिया काउन्सिल’ प्रचलित रहेकाले यो असान्दर्भिक नहुने बताउनुभयो। यद्यपि उहाँले नेपाली नामप्रति असहमति जनाउनु भएन।

समितिका सभापति जयन्तीदेवी राईले नेपाली भाषाको संरक्षण गर्ने उद्देश्यले सांसदहरूले विधेयकको नाम आमसञ्चार परिषद् राख्नुपर्नेमा सबै सदस्यले जोड दिएका सुनाउनुभयो।

त्यसअघि सांसद मदनकुमारी शाह(गरिमा) ले नेपाली भाषाको संरक्षण गर्नु राज्यको दायित्व भएकाले विधेयकको नाम नेपाली नै हुनुपर्ने संशोधन प्रस्ताव दर्ता गर्नुभएको थियो।

समितिका सदस्यहरू बेदुराम भुसाल, गङ्गाकुमारी बेलबासे, सुमित्रा बिसी, सुरेश आलेमगर, युवराज शर्माले विधेयकको नाम नेपालीमा राख्नुपर्ने बताउनुभएको थियोभने अर्का सदस्य कृष्णप्रसाद सिटौलाले मिडिया काउन्सिल पदावली विश्वभर स्थापित प्रचलित भएकाले त्यो पनि अमान्य नहुने तर्क गर्नुभएको थियो।

समितिका अर्का सदस्य नारायणदत्त भट्टले मिडिया काउन्सिल पनि मान्य हुने बताउनुभएको थियो। विधेयकमा काउन्सिलको सिफारिस समिति छनोट, अध्यक्ष छनोट, उपभोक्ता सङ्ख्या, उमेरको हदबन्दीलगायत विषयमा सबैको एउटै मत छैन।

## विश्व समाचार

### बङ्गलादेशमा रिहा भएका राजनीतिक बन्दीहरुको पर्खाइमा परिवार

ढाका, २२ साउन (रासस/एएफपी)।

बङ्गलादेशमा पूर्वप्रधानमन्त्री शेख हसिनाको शासनकालमा गोप्य रूपमा बन्दी बनाइएका राजनीतिक व्यक्तीहरु मङ्गलबार रिहा भएको खबर पाएसँगै उनीहरुको परिवार आफ्ना आफन्तको खबरका लागि पर्खिरहेका छन्।

“हामीलाई जवाफ चाहिन्छ”, हसिनाको सुरक्षा बलले हिरासतमा लिएका मानिसको रिहाइको माग गर्दै अभियान चलाइरहेको “आमाहरूको आह्वान” समूहका संयोजक सन्जिदा इस्लाम तुलीले भन्नुभयो।

अधिकारकर्मीहरुले हसिनाको सुरक्षा बलले विशेष गरी प्रमुख विपक्षी दल बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) र देशको सबैभन्दा ठूलो इस्लामवादी पार्टी ’जमात-ए-इस्लामी’का कार्यकर्तासहित लगभग ६०० जनालाई अपहरण गरी बेपत्ता पारेको आरोप लगाएका छन्।

टुलीले बताएअनुसार कम्तिमा २० परिवार बन्दी बनाइएको आफन्तको खबरको प्रतिक्षामा उत्तरी ढाकामा रहेको सैन्य गुप्तचर बलको भवन बाहिर भेला भएका छन्।

सेना प्रमुख जनरल वाकर-उज-जमानले सोमबार हसिनाले हप्तौंको विरोध प्रदर्शनपछि राजीनामा दिएको र सेनाले अन्तरिम सरकार गठन गर्ने बताउनुभएको हो।

हसिनाको राजीनामाको केही घण्टापछि राष्ट्रपति मोहम्मद साहाबुद्दिन र सेना प्रमुखको भेटवार्तापछि विद्यार्थीको विरोध प्रदर्शनका क्रममा पक्राउ परेका सबैलाई रिहा गर्ने साथै प्रमुख विपक्षी नेता खालिदा जियालाई पनि मुक्त गर्ने निर्णय भएको थियो।

बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी)का अध्यक्ष ७८ वर्षीय पूर्वप्रधानमन्त्री जियालाई सन् २०१८ मा भ्रष्टाचारको आरोपमा १७ वर्षको जेल सजाय सुनाएपछि नजरबन्दमा राखिएको थियो।

विपक्षी कार्यकर्ता र वकिल अहमद बिन कासेम पनि मङ्गलबार रिहा हुनुभएको हो। “उहाँलाई मंगलबार बिहान गोप्य नजरबन्दबाट रिहा गरिएको छ”, पारिवारिक साथी र आफन्त मासुम खलिलीले बताउनुभयो।

हसिनाको सुरक्षा बललाई दशौँ हजार विपक्षी कार्यकर्तालाई गैरकानुनी हिरासतमा राखिएको, सयौँको गैरन्यायिक हत्या गरिएको साथै विपक्षी नेता र समर्थकलाई बेपत्ता पारेको आरोप लगाइएको छ।

सन् २००९ मा हसिना सत्तामा आएपछि ६०० भन्दा बढी मानिस बेपत्ता पारिएको जसमध्ये लगभग १०० जना अझैपनि बेपत्ता रहेको ह्युमन राइट्स वाचले गत वर्ष बताएको थियो। हसिनाको सरकारले बेपत्ता र गैरन्यायिक हत्याको आरोप अस्वीकार गर्दै आएको छ।

### बङ्गलादेशमा नोबेल पुरस्कार विजेता मुहम्मद युनुसलाई अन्तरिम सरकारको नेतृत्व गर्न आह्वान

ढाका २२ साउन (रासस/एएनआई)।

प्रधानमन्त्री शेख हसिनाको राजीनामापछि विद्यार्थी आन्दोलनका नेताहरूले बङ्लादेशको वर्तमान रानजनैतिक अवस्थालाई सम्बोधन गर्न नोबेल पुरस्कार विजेता डा मुहम्मद युनुसलाई अन्तरिम सरकारको नेतृत्व गर्न प्रस्ताव गरेको ढाका ट्रिब्यूनले जनाएको छ।

प्रमुख विद्यार्थी नेता नाहिद इस्लाम, आसिफ महमुद र अबु बकर मजूमदारले मङ्गलबार भिडियो सन्देशमार्फत यस्तो घोषणा गरेका हुन्।

ट्रिब्यूनका अनुसार विद्यार्थी नेता नाहिदले सोमबार राति २४ घण्टाभित्र अन्तरिम सरकारको रूपरेखा तयार गरिने घोषणा गर्नुभएको थियो।

बङ्गलादेशमा सरकारी जागिरमा आरक्षण (कोटा) प्रणालीको विरोध गर्दै बिद्यार्थी समूहले सुरू गरेको आन्दोलनले सफलताको उत्कर्ष पार गर्दै प्रधानमन्त्री हसिनालाई राजिनामा दिन बाध्य बनाएको हो।

बङ्गलादेशमा आएको राजनैतिक परिवर्तनपछि सोमबार राति नै राष्ट्रपति मोहम्मद साहाबुद्दिनले सेना प्रमुख वाकर-उज-जमानलाई अन्तरिम सरकार गठन गर्न स्वीकृति प्रदान गर्नुभएको हो।

यसैबीच, बङ्लादेश नेसनलिस्ट पार्टी (बिएनपी) का महासचिव मिर्जा फक्रुल इस्लाम आलमगीरले आफ्नो पार्टीका कार्यवाहक अध्यक्ष तारिक रहमान चाँडै नै देश फर्कने घोषणा गर्नुभएको छ।

महासचिव मिर्जा फक्रुलले हसिना सरकारले नेता तारिक रहमानलाई झुटो मुद्दामा अन्यायपूर्ण रूपमा निर्वासित गरिएको जनाउदै उहाँले आन्दोलनलाई समर्थन गरेको र तुरुन्तै स्वदेश फिर्ता हुने आशा व्यक्त गर्नुभयो।

मिर्जा फक्रुलले आफ्ना पार्टी नेता बेगम खालिदा जियालाई समेत तुरुन्तै रिहा गर्ने निर्णय गरिएको उल्लेख गर्दै राजनीतिक कारणले जेलमा परेका अन्य व्यक्तिलाई पनि रिहा गर्ने जनाउनुभयो।

### बङ्गलादेशको घटना नजिकबाट नियाल्दै राष्ट्रसंघका महासचिव, ज्यान गुमाउने प्रति शोक प्रकट

न्यूयोर्क, २२ साउन (रासस/एएनआई)।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले बङ्लादेशको घटनाक्रमलाई नजिकबाट नियालीरहेको जनाउँदै विरोध प्रदर्शनमा ज्यान गुमाउनेहरु प्रति शोक व्यक्त गर्नुभएको छ।

महासचिव गुटेरेसले घटनामा संलग्न सबै पक्षलाई शान्ति र संयमता अपनाउन आग्रह गदै शान्तिपूर्ण, व्यवस्थित र लोकतान्त्रिक महत्वमा जोड दिनुभयो।

उहाँले प्रधानमन्त्री शेख हसिनाको राजीनामा सम्बन्धी सेना प्रमुखको घोषणा र अन्तरिम सरकार गठन गर्ने योजनासहित देशका घटनाक्रमलाई नजिकबाट निगरानी गरिरहेको उहाँको कार्यालयबाट जारी विज्ञप्तिमा उल्लेख गरिएको छ।

महासचिव गुटेरेसका प्रवक्ताले विज्ञप्ती जारी गर्दै बङ्लादेशका जनताको पक्षमा रही उनीहरूको मानव अधिकारको संरक्षणका लागि आह्वान गर्नुभएको छ। उहाँले विज्ञप्तिमार्फत बङ्गलादेशमा भएका हिंसाजन्य क्रियाकलापको स्वतन्त्र, निष्पक्ष र पारदर्शी अनुसन्धानको आवश्यकतालाई जोड दिनुभएको छ।

# राजगढ गाउँपालिकामा विभिन्न ८ बुंदे माग अघि सार्दै प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, २२ साउन ।**

सप्तरीको राजगढ गाउँपालिकाका जनप्रतिनीधी र स्थानीयवासीले बहुमत नपुऱ्याई गरिएको गाउँसभा रद्धसहित विभिन्न ८ बुंदे माग अघि सार्दै मंगलबार गाउँपालिकामा प्रदर्शन गरेका छन् ।

उनीहरुले विधि विधान मिचेर गरिएको गाउँसभा रद्द गरि पुनः नयाँ मिति तोकेर अर्को गाउँसभा गर्न माग गर्दै पालिका अध्यक्ष ओमप्रकाश मण्डललाई ज्ञापनपत्र समेत बुझाएका छन् ।

तीन दिन अघि सदरमुकाम राजविराजमा पनि प्रर्दशन गर्दै स्थानीय प्रहरी प्रशासन प्रमुखलाई ज्ञापनपत्र बुझाउँदै राजगढमा गाउँपालिकामा ऐन कानुन मिचेर गरिएको गाउँसभा बदरका लागि पहल गर्न माग गर्दै ज्ञापनपत्र बुझाएका थिए ।

क्यान्सर रोगले पीडित विरामी अवस्थाका सो पालिका वडा नं. ५ का वडाअध्यक्ष ७३ वर्षिय दुःखिलाल भन्ने देवेन्द्र प्रसाद साहको नेतृत्वमा पुगेको अन्य जनप्रतिनीधी तथा गाउँलेहरुले हस्ताक्षरसहित पालिका अध्यक्ष मण्डललाई ज्ञापनपत्र बुझाएका छन ।

ज्ञापनपत्र मार्फत गत साउन १० गते सम्पन्न पालिकाको १३ औं गाउँसभा ऐन कानुन विपरित भएको दाबी सहित उक्त गाँउसभाबाट पारित निर्णयहरु यथास्थितीमा राखी गाउँसभा बदर तथा अर्को नयाँ मिति तोकेर पुनः गाउँसभा गर्नू पर्ने प्रमुख माग अघि सारिएको छ ।

ज्ञापनपत्रमा गाउँपालिकाका अध्यक्ष ओम प्रकाश मण्डलले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६५ र दफा ६७ बमोजिम समितिबाट निर्णय नै नगराई मनपरी र एक पक्षिय ढंगले गाउँसभा गरेकाले सो बदर नगरिए चरणबद्ध आन्दोलनमा जाने चेतावनी समेत दिइएको छ ।

गाउँसभामा कुल ३४ जना कार्यपालिका सदस्य रहेकोमा १ जनाको निधन भई हाल ३३ जना सदस्य कायम छन । जस मध्ये १७ जनाले गत साउन १० गते सम्पन्न गाउँसभालाई अवैधानिक भन्दै ज्ञापनपत्रमा हस्ताक्षर गरी अर्को गाउँसभा गर्नु पर्ने माग गरेका छन ।

यस्तै ज्ञापनपत्र मार्फत पालिकाको ०७९/०८० र ०८०/०८१ को आय-ब्यय तथा लेखा परिक्षण प्रतिवेदन सार्वजनिक गर्नु पर्ने, पालिकामा कार्यरत कर्मचारीको विवरण उपलब्ध गराउनु पर्ने, पालिकाकाको आफ्नै एउटा स्कारपियो हुदा हुदै थप २ वटा स्कारपियो गाडी भाडामा लिनुको कारण खुलाउनु पर्ने तथा करार पदमा नियुक्त भएका स्वयसेवक शिक्षक तथा प्रशासनिक सहायक पदका कर्मचारीहरुले लामो समय देखी नपाएको तलब सुविधा यथासिघ्र उपलब्ध गराउनु पर्ने लगायतका माग पनि अघि सारिएको छ ।

टोलीमा सहभागी स्थानीय समाजसेवी रामकान्त यादवका अनुसार आफुहरुले अघि सारेको जायज मागहरु उपर तत्काल सम्बोधनको पहल नभए साउन ३० गतेदेखी दोश्रो चरणको आन्दोलनका कार्यक्तम सुरु हुनेछ ।

जसअनुसार साउन ३० गते १० बजेदेखी कार्यालय समयसम्म धर्ना, भदौं २ गते पालिकामा तालाबन्दी तथा भदौं ५ गतेदेखी लगातार नाराजुलुस र प्रदर्शनको कार्यक्रम सुरु गरिने जनाइएको छ ।

# डेङ्गीबाट एकको मृत्यु, ३० जनामा हैजा पुष्टि

काठमाडौँ, २२ साउन (रासस) ।

देशभर कीटजन्य तथा पानीजन्य रोगको सङ्क्रमण बढ्दै गएको छ । स्वास्थ्य सेवा विभागअन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)ले डेङ्गीबाट एकजनाको मृत्यु भएको मंगलबार जनाएको हो ।

गत पुसदेखि हालसम्म देशभर दुई हजार तीन सय ६५ जनाबाट सङ्क्रमित छन् । डेङ्गी सङ्क्रमण ७३ जिल्लामा फैलिएको छ । कोशी प्रदेशमा पाँच सय ३७, मधेसमा ४६, बागमतीमा सात सय ४७, गण्डकीमा पाँच सय आठ, लुम्बिनीमा दुई सय ४७, कर्णालीमा ३८ र सुदूरपश्चिममा दुई सय ४२ जना सङ्क्रमित भएका हुन् । काठमाडौँ उपत्यकामा दुई सय ८७, कास्कीमा एक सय ३७, झापामा एक सय ३३, चितवनमा एक सय १६ र तनहुँमा एक सय १० जना सङ्क्रमित छन् ।

त्यसैगरी, हैजा सङ्क्रमितको सङ्ख्या पनि बढ्दै गएको छ । देशभर ३० जनामा हैजा पुष्टि भएको इडिसिडीले जनाएको हो । हालसम्म हैजाबाट कसैको पनि मृत्यु भएको छैन ।


**राजविराजको मेन रोडमा सटर भाडामा चाहिए सम्पर्क गर्नुहोस**

राजविराजको मुख्य बजार मेनरोडमा पसल, व्यवसाय, बैंक तथा वित्तिय संस्था र विमा कम्पनीका लागि कोठा भाडामा चाहिए सम्पर्क गर्नुहोस् ।

**सम्पर्क नं.**
९८४२८२१०८२, ९८१९७२५०८२
राजविराज नगरपालिका वडा नं. ४, मेनरोड


## धितो लिलाम बिक्रि गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकशित २०८१/०४/२३

यश प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड राजविराजको तपशिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा,ब्याज र हर्जाना रकम तिर्न बुझाउनु पर्नेमा हाल सम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा ताकेता गर्दा समेत कर्जा नतिरेको, नबुझाएको नबुझाएको हुँदा मिति २०८१/०१/०२ गतेको राजविराज दैनिक पत्रिकामा ऋण चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना, मिति २०८१/०२/११ गते १५ दिने सूचना र मिति २०८१/०३/१७ गते ७ दिने सूचना प्रकशित गर्दा समेत संस्थाको कर्जा चुक्ता नगरेको कारण तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पति लिलाम बिक्रि गरि यश संस्थाको सम्पूर्ण लेना रकम उपर गरि लिनको लागि ऋणको सुरक्षण वापत लेखाई दिएको धितो लिलाम बिक्रि गर्न यो प्रथम पटक ३५ दिने धितो लिलाम सम्बन्धि सूचना प्रकाशित गरिएको छ । अत उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित लिलाम बिक्रि हुने धितो सुरक्षण सम्पति गोप्य शिलबन्दी बोलपत्रद्वारा खरिद गरि लिन इच्छुक संघ, संस्था,फर्म,कम्पनि तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिश) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पति कसैले नसकारेमा वा रितपुर्वक बोलपत्र नपरेमा सहकारी ऐन २०७५ प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यश संस्थाले आफैले साकार गरि लिने ब्योहरा समेत सम्बन्धि सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पति लिलाम बिक्रि गर्दा वा संस्थाले आफैले सकार गर्दा साबिकमा भएको यश संथाबाट मुल्यान्कंन भन्दा कम मुल्यमा बिक्रि भयो वा मेरो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मुल्यमा बिक्रि भयो वा आफैले साकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाईने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि सम्पूर्ण लेना रकम अशुल उपर नभएमा अन्य चल,अचल जायजेथा सम्पतिबाट समेत अशुल उपर गरि लिने र सहकारी ऐन २०७५ बमोजिम कालो सुचिमा समावेश गरिने ब्योहरा सम्बन्धित सबैलाई सुचित गराईन्छ ।

तपशिल

| नाम | गा.बि.स/न.पा. | वार्ड न. | कित्ता न. | क्षेत्रफल |
|---|---|---|---|---|
| ऋणीको नाम :- मो. जुबेर अंसारी | बिसहरिया | ९ | ९६९ | ०-१-१७.५-० |
| नागरिकता न. :-४४३६ | | ९ | ९६८ | ०-१-१७.५-० |

जन्म मिति :- २०२९/०१/२१
जारी मिति :- २०४६/१२/२०
बाबुको नाम :- इलियाश अंसारी
बाजेको नाम : -हनिफ अंसारी

**प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**राजविराज -०४ ससरी**
**टेलिफोन न.०३१-५३२५२२/५२११११२**





**जनहितमा जारी सन्देश**

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*